आज मिति २०८२ साल मंसिर महिनाको २९ गतेका दिन विहानको ८:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८२/८३ को छैठौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | प्रित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | विकास के.सी | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | दामोदर उपाध्या | का.स. |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय
झ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/७/३० गते बसेको आ.व. २०८२/८३ को पाँचौं बैठकबाट बाग्दुला- बतासेडाँडा- मच्छी- लामासेरा झिमरुक गाउँपालिका पहुँचमार्ग ( वतासेडाँडा- मच्छी खण्ड कालोपत्रे ) कार्यको विस्तृत, सर्भे डिजाइन तयार भई ठेक्काको प्रक्रियामा रहेको, शिक्षक दरबन्दी मिलानको कार्यक्रम सम्पन्न भई शिक्षकहरुलाई खटनपटन गरिएको, विभिन्न योजना कार्यक्रमहरुको लागि वजेटको सुनिश्चितता गरिएको हुँदा उक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको प्रक्रियामा रहेको, व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० को पहिलो संशोधन गरिएकोमा संशोधित कार्यविधि अनुसार व्याक हु लोडर सञ्चालनमा रहेको, आकस्मिक रुपमा वडाका विभिन्न सडक मर्मत गरेको रकम भुक्तानीको प्रक्रियामा रहेको, आर्थिक सहयोग उपलब्ध गराउने निर्णय अनुसार सहयोग रकम उपलब्ध गराउने प्रक्रियामा रहेको, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन पारित भई नदी जन्य पदार्थको ठेक्का लगाईएकोमा प्रक्रिया नगुगेको हुँदा पुनः दोस्रो पटक ठेक्का लगाईएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ बेरुजु रकम फछ्यौट सम्वन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि व्यापक छलफल गर्दा आ.व.२०७४/७५ देखि आ.व. २०८१/८२ सम्म झिमरुक गाउँपालिकाको कार्यालयको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुँदा औंल्याईएका वेरुजुहरुका विषयमा छलफल भई नियमित गर्ने, प्रमाण पेस गर्ने र असुल उपर गर्ने सवै प्रकृतिको वेरुजुहरु सम्बन्धित व्यक्ति, निर्माण व्यवसायी, उपभोक्ता समिति र संघ संस्थाहरुको नाममा रहेको बेरुजु नियमित गर्ने, प्रमाण पेस गर्ने र असुल उपर गर्ने कार्यको लागि जानकारी गराउन पत्रचार गर्ने र बेरुजु फछ्यौट गर्ने कार्य अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.३ कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ पारित सम्वन्धमा ।**

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२ को मस्यौदा कृषि तथा पशुसेवा शाखाबाट तयार भई विधेयक समितिबाट पारितको लागि सिफारिस भई आएको हुँदा कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को मस्यौदा माथि थप छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. ४ चालु आ.व.का आयोजनाहरुको प्रगति समिक्षा सम्वन्धमा ।**

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको चालु आ.व.[illegible] मा कार्यान्वयन हुने आयोजनाहरुको प्रगति समिक्षा गरियो । सो सम्वन्धमा हालसम्म न्युन संख्यामा मात्र सम्झौता भएको हुँदा मिति २०८२ पुस २० गतेसम्म आवश्यक जनशक्ति प्रयोग गरी अनिवार्य रुपमा प्रक्रिया पुरा गरी योजना सम्झौता गरी सक्ने र उक्त मितिसम्म सम्झौता हुन नसक्ने योजनाहरुको हकमा हिउदे अधिवेशनबाट आवश्यक निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं. ५ विविध सम्बन्धमा ।**
**विविध (क) सार्वजनिक जग्गा भोगाधिकार सम्वन्धमा ।**
**निर्णय नं. ५ (क)**

**प्रस्ताव नं. ५** विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. २ को वडा कार्यालय भवन साविक बाँदिकोट गा.वि.स.को जिर्ण र पुरानो भवनबाट सञ्चालन गर्दै आएकोमा चालु आ.व. २०८२/८३ मा २ नं.वडा कार्यालय भवन निर्माण योजनामा रकम विनियोजन गरिएको र उक्त भवन निर्माणको लागि मापदण्ड अनुसारको जग्गा प्रयाप्त नभएको हुँदा हाल सञ्चालित वडा कार्यालयको पुरानो भवनसँग जोडिएको कि.नं. ९३ को २ रोपनी सार्वजनिक जग्गा उपभोग गरेमा मापदण्ड अनुसारको जग्गा पुग्ने भएकोले साविक बाँदिकोट गाउँपञ्चायत वडा नं ५ को नाममा रहेको कि.नं.१७७ सँग जोडिएको सार्वजनिक जग्गा झिमरुक गाउँपालिका २ नं. वडा कार्यालयको भवन निर्माण प्रयोजनको लागि लिन सम्बन्धित निकायमा लेखी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ख) विपद् व्यवस्थापन समितिको निर्णय सिफारिस सम्वन्धमा ।**
**निर्णय नं. ५ ( ख )**

**प्रस्ताव नं. ५** विविध (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिका विपद् व्यवस्थापन समितिको मिति २०८२/७/१४ गते राहत र सहयोग उपलब्ध हुन गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय अनुसार तपसिल वमोजिमका व्यक्तिहरुलाई राहत रकम विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | निवेदन पेस गर्ने व्यक्तिको नाम र ठेगाना | क्षतिको अनुमानित रकम विवरण | उपलब्ध गराउने राहत रकमको विवरण | राहत उपलब्ध गराउने शीर्षक |
|---|---|---|---|---|
| १ | नारायण बहादुर जि.सी. झिमरुक -४ | १५,०००। | ५,०००। | **विपद् व्यवस्थापन कोष** |
| २ | नारायणी विष्ट झिमरुक-६ | ६०,०००। | २०,०००। | |
| ३ | छमा वि.सी. झिमरुक -१ | १,०२,२१०। | ३०,०००। | |
| ४ | टेक बहादुर खत्री झिमरुक-३ | ४,५००। | २,०००। | |

**विविध (ग) लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।**
**निर्णय नं. (ग)**

**प्रस्ताव नं ५ विविध (ग)** माथि छलफल गर्दा गाउँपालिकाबाट उद्यम विकास कार्यक्रमतर्फ सावुन तथा सरफ बनाउने सम्बन्धी सीप विकास तालिम सञ्चालनतर्फ रु ३ लाख र जुता तथा चप्पल बनाउने सम्बन्धी सीप विकास तालिम सञ्चालनतर्फ रु ३ लाख रकम विनियोजन गरिएकामा जुता तथा चप्पल बनाउने सम्बन्धी सीप विकास तालिम सञ्चालनतर्फ विनियोजन गरिएको रु ३ लाख रकमलाई साबुन तथा सरफ बनाउने सम्बन्धी सीप विकास तालिम सञ्चालनमा रकममान्तर गरी कूल साबुन तथा सरफ बनाउने सम्बन्धी सीप विकास तालिम सञ्चालनमा रु ६ लाखबाट १ नं. वडा र २ नं. वडामा ३/३ लाख रकम खर्च गर्ने गरी वडा छनोट गरियो । साथै उक्त तालिम सञ्चालन गर्नु पूर्व वडास्तरिय अभिमुखीकरण कार्यक्रम, सहभागितात्मक ग्रामिण लेखाजोखा, उद्यमशिलता विकास तालिम लगायतका कार्यक्रमहरु संघीय सर्शत अनुदानतर्फ आ.व. २०८२/८३ मा प्राप्त रु ३,३६,००० अक्षरेपि (तीन लाख छत्तिस हजार) रुपैंयाबाट वडा नं. १ र २ मा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**विविध (घ) हाटबजार सञ्चालन सम्वन्धमा ।**

**निर्णय नं. ( घ )**

**प्रस्ताव नं. ५** विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका वडा नं. ५ मच्छीमा निर्माण गरिएको हाटबजार सञ्चालन केन्द्र स्थानीय हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ मा व्यवस्था भए वमोजिम सञ्चालन गनुपर्ने भएको हुँदा वडा/वडाका कृषक, उद्यमी तथा व्यापारीहरुबाट कृषि तथा अन्य उत्पादित बस्तुहरु हाटबजारमा ल्याई विक्री वितरण गर्न व्यापक रुपमा प्रचार प्रसारको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र कार्यविधिमा भएको आवश्यक प्रक्रिया पुरा गरी मिति २०८२ साल पुस १८ गते हाटबजार सेवा सञ्चालनको उद्घाटन कार्यक्रम सञ्चालन गरी प्रत्येक महिना १५/१५ दिनको फरकमा २ दिनसम्म हाटवजार सेवा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ङ) योजना संशोधन सम्वन्धमा ।**

**निर्णय नं. ( ङ )**

**प्रस्ताव नं. ५** विविध (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका वडा नं. ६ को तपसिल वमोजिमको योजना विविध कारणले कार्यान्वयन गर्न समस्या भएको हुँदा देहाय बमोजिम संशोधन गरी कार्यान्वन गर्ने सर्वसम्मत निर्णिय गरियो ।

तपसिल

| क्र.स. | साविक योजनाको नाम | रकम रु | हाल संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|
| १. | चिसावाङ्ग मोटरबाटोदेखि आरनटोलसम्म पदमार्ग सुधार योजना | १,००,०००। | भिराले खोली घुम्टीदेखि आरनटोल भोलेबाबा मन्दिरसम्म मोटरवाटो निर्माण योजना | १,००,०००। |

**विविध (च) योजना संशोधनको लागि अनुरोध गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ( च )**

**प्रस्ताव नं. ५** विविध (च) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको लागि आ.व. २०८२/८३ मा कार्यान्वयन गर्न प्रदेश सरकारबाट हस्तान्तरित योजनाको रुपमा रहेको तपसिल वमोजिमको योजना विविध कारणले गर्दा उक्त स्थानमा कार्यान्वयन गर्न कठिनाई हुने भएको हुँदा देहाय वमोजिम योजनाको नाम र स्थान संशोधनको लागि लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउने सर्वसम्मत निर्णिय गरियो ।

तपसिल

| क्र.स. | साविक योजनाको नाम | रकम रु | हाल संशोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|---|
| १. | हरिया टापुबाट जोईथुम पेदीपाटा धारा विस्तार झिमरुक-५ | १०,००,०००। | ओखरकोट बाँदिकोट कोटघर पूर्वाधार निर्माण योजना झिमरुक-३ र ५ | १०,००,०००। |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

विविध (छ) ठेक्का लगाउने सम्वन्धमा ।

निर्णय नं. ( छ )

**प्रस्ताव नं. ५** विविध (छ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको लागि आ.व. २०८२/८३ मा कार्यान्वयन गर्न प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) को रुपमा रहेको देहाय वमोजिमको योजना एउटै प्रकृतिको योजना भएको हुँदा प्राविधिक लागत अनुमान अनुसार देहाय वमोजिमको रकम समेत गरी एकमुष्ठ ठेक्का लगाउनको लागि प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो । साथै ठेक्का लगाई ठेक्का कवोल हुँदा रकम घटेमा बाँकी रहेको रकमबाट वडा नं. १ अन्तर्गत बाङ्गेमरोट स्वास्थ्य चौकी भवन निर्माणको दोस्रो अधुरो भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | रकम रु |
|---|---|---|
| १. | तुषारा स्वास्थ्य चौकीको अधुरो भवन निर्माण झिमरुक-७ | २०,००,०००। |
| २. | बाङ्गेमरोट स्वास्थ्य चौकी भवन निर्माण | १५,००,०००। |

| क.सं. | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | रकम रु |
|---|---|---|
| १. | झिमरुक गाउँपालिका वडा नं. १ र ७ का स्वास्थ्य संस्थाहरुको अधुरो भवन पूर्वाधार निर्माण योजना | २०,००,०००। |

देहाय

१.तुषारा स्वास्थ्य चौकीको अधुरो भवन निर्माण झिमरुक-७ को लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) रकम रु २०,००,०००। मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) रु १८,००,०००। रकम समेत गरी एकमुष्ठ जम्मा रु ३८,००,०००। को ठेक्का लगाउने ।

२.बाङ्गेमरोट स्वास्थ्य चौकी भवन निर्माणको लागि लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) रकम रु १५,००,०००। मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) रु २,००,०००। रकम समेत गरी एकमुष्ठ जम्मा रु १७,००,०००। को ठेक्का लगाउने ।

विविध (ज) स्रोतको सुनिश्चित गर्ने सम्वन्धमा ।

निर्णय नं. ( ज )

**प्रस्ताव नं. ५** विविध (ज) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको लागि आ.व. २०८२/८३ मा देहाय वमोजिमका शीर्षकमा वजेट रकम अपुग हुने भएकोले स्रोतको सुनिश्चित गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको शीर्षकबाट रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहाय

| क.स | स्रोतको सुनिश्चित गर्नु पर्ने कार्यक्रमको नाम | ठेगाना | बजेट रकम | साबिकका योजना तथा कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १. | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | झिमरुक गा.पा. | ५,००,०००। | पारिश्रमिक कर्मचारी |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

विविध (झ) आर्थिक सहयोग सम्वन्धमा ।
निर्णय नं. (झ)

प्रस्ताव नं ५ विविध (झ) माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिले आर्थिक सहायता मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट देहाय बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-१, निवासी पूर्ण बहादुर खत्रीक्षेत्रीको उपचारको लागि आर्थिक सहयोग गरिदिने सम्वन्धी निवेदन अनुसार | निवेदकको श्रीमति विस्नी खत्री क्षेत्री प्यारालाईसिसको विरामी भएको हुँदा थप उपचारको खर्चको लागि आर्थिक सहयोग | २५,०००। | आर्थिक सहायता |
| २ | झिमरुक-४ निवासी, चुधारा निवासी पिताराम पोखेलको उपचारको लागि आर्थिक सहयोग गरिदिने सम्वन्धी निवेदन अनुसार | निवेदकको हर्निया सम्वन्धी विरामी भएको हुँदा थप उपचारको खर्चको लागि आर्थिक सहयोग | २०,०००। | |
| ३ | झिमरुक-८ निवासी शिवा देवी सुनार(कामी)को उपचारको लागि आर्थिक सहायता उपलब्ध गराईदिने सम्वन्धी निवेदन अनुसार | निवेदकको पेटको आन्द्रा सम्वन्धी विरामी भएको हुँदा थप उपचारको खर्चको लागि आर्थिक सहयोग | २०,०००। | |
| ४ | झिमरुक -५ निवासी हरा कुमारी रोकाको आर्थिक सहायता उपलब्ध गराईदिने सम्वन्धी निवेदन अनुसार | निवेदको नाती सुवास रोकाको लडेर खुट्टा भाचिएको हुँदा उपचार खर्चको लागि आर्थिक सहयोग | २५,०००। | |
| ५ | झिमरुक-६ निवासी कमला नगरकोटीको उपचारको लागि आर्थिक सहयोग गरिदिने सम्वन्धी निवेदन अनुसार | निवेदकको मुटु सम्वन्धी विरामी भई मुटुको भल्व बदल्दा भएको खर्चको लागि आर्थिक सहयोग | २५,०००। | |
| ६ | लमही नगरपालिका-९, तेलिया बस्ने वर्ष ५२ को भिम बहादुर कुमालको निवेदन अनुसार | गाउँपालिकाको नाममा रहेको सवारी साधन २०८०/४/१४ गते दिउँसो १७:३० बजे दाङ्ग जिल्लाको लमही अर्जुन खोला नजिकै दुर्घटना हुँदा घाईते भएका व्यक्ति भिम बहादुर कुमालको लागि आर्थिक सहयोग | २५,०००। | |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

विविध (ञ) रकम भुक्तानी सम्वन्धमा ।

निर्णय नं. (ञ)

प्रस्ताव नं ५ विविध (ञ) माथि छलफल गर्दा मिति २०८०/४/१४ गते दिउसो १७:३० बजे झिमरुक गाउँपालिकाको नाममा रहेको (बा २ झ ४५४६) नं.को स्कारपियो जिप नेपालगन्जबाट मर्मत गरी फर्कने क्रममा पूर्व पश्चिम राजमार्ग अन्तर्गत दाङ्ग जिल्लाको लमही अर्जुन खोला नजिकै पूर्वतर्फबाट २ जना मोटरसाईकलमा सवार मोटरसाईकल चालक जिल्ला बाँके राप्ती सोनारी गा.पा.-३ बस्ने वर्ष ३३ को खुम बहादुर रासकोटी बिच एक आपसमा ठोकिई दुर्घटना हुँदा मोटरसाईकल चालकको टाउको र खुट्टामा चोट लागेको र मोटरसाईकलको पछाडि सवार लमही नगरपालिका-९, तेलिया बस्ने वर्ष ५२ को भिम बहादुर कुमालको टाउको र बाँया खुट्टामा गम्भिर चोट लागेकोले निज घाईतेहरुको गाउँपालिकाको तर्फबाट विभिन्न अस्पतालमा उपचार गराउदा भएको खर्च रकम रु १०,४०,०००। विभिन्न मितिमा गाउँपालिका कर्मचारी श्री विकास के.सी., श्री हरि प्रसाद पोखेल र श्री पुष्प रानाले पेश्की लिएको र सो पेश्की रकम मध्ये ९,४७,८८६.७९ का विल तथा भर्पाईहरु प्राप्त भई रु ९२,११३.२ बरावरका विल भर्पाइ प्राप्त हुँन नसकेका कारण पेश्की रकम कर्मचारीहरुका नाममा देखिदा उक्त रकम बैक दाखिला गरी पेश्की फछ्यौट गरेकोमा मिति २०८२ साल मंसिर २७ गते घाईते र झिमरुक गाउँपालिका विच मिलापत्र समेत भई रु ९२,११३.२ का तत्कालिन समयका विल भर्पाइ समेत हाल प्राप्त भएको हुँदा घाईतेहरुको उपचारमा खर्च भएको रकम रु ९२,११३.२ मध्ये प्रशासन शाखा प्रमुख श्री हरि प्रसाद पोखेलको नाममा रु ४९,६१३। र सहायक शिक्षा शाखा प्रमुख श्री पुष्प रानाको नाममा रु ४२,५००। सवारी दुर्घटनाको विमा दावी बापतको रकम प्राप्त भए पश्चात विविध खर्च खातावाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

विविध (ट) सिचाई कुलो मर्मत सम्वन्धमा ।

निर्णय नं. (ट)

प्रस्ताव नं ५ विविध (ट) माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिले सिचाई कुलोको मर्मतको लागि पेस गरेको निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट देहाय बमोजिमको रकम सिंचाई कुलो मर्मतको लागि विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | निवेदन पेस गर्ने व्यक्तिको नाम ठेगाना | सिचाई कुलोको नाम | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | गिरेन्द्र एम.सी. झिमरुक-४ | चलिसे अम्वोटे पिपलटारी सिंचाई कुलो मर्मत योजना झिमरुक-४ | १२९००। | झिमरुक गा.पा.भित्रका विभिन्न खानेपानी तथा सिंचाई संरचना मर्मत |

विविध (ठ) योजना कार्यक्रम संशोधन तथा रकम रकमान्तर सम्वन्धमा ।

निर्णय नं. (ठ)

प्रस्ताव नं ५ विविध (ठ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ मा कार्यान्वयन गर्न विनियोजन गरिएको तपसिल वमोजिमको कार्यक्रम विविध कारणबाट सञ्चालन गर्न कठिनाई भएको हुँदा देहाय बमोजिमको कार्यक्रममा संशोधन तथा रकम रकमान्तर गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | साविकका योजना/ कार्यक्रमको नाम | ठेगाना | रकम | क्र.स | हाल रकमान्तर गरिएका योजना /कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस तथा सम्मान कार्यक्रम | झिमरुक-गा.पा. | १,६०,०००। | १. | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई अभिमुखीकरण र सम्मान कार्यक्रम तथा सम्मान | १,६०,०००। |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ड) बजेट विनियोजन तथा रकमान्तर सम्वन्धमा ।**

**निर्णय नं. ( ड )**

**प्रस्ताव नं. ५** विविध (ड) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पाँचौं राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रम झिमरुक गाउँपालिका वडा नं. ५ को मैनाके खेलमैदानमा सञ्चालन गर्नु पर्ने भएको र उक्त खेलमैदान सम्याउने तथा व्यवस्थापन गर्ने कार्यको लागि स्रोतको सुनिश्चितता गर्नुपर्ने भएको हुँदा तपसिल वमोजिमको शीर्षकबाट बजेट विनियोजन तथा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | स्रोतको सुनिश्चित गर्नु पर्ने योजनाको नाम | ठेगाना | बजेट रकम | साविकका योजना तथा कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १. | मैनाके खेलकुद मैदान मर्मत योजना | झिमरुक-५ | १,००,०००। | सचिवालय व्यवस्थापन |

अन्तमा आजको वैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत